जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरू



जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि



बर्ष ११ • अंक ५६ • २०८० पौष ३ गते मंगलवार • 19 Dec. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## तरकारी खेतीमा समस्या देखिए पछि विज्ञ सहितको प्राविधिक टोलि सक्रिय

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २ पौष



प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धनुषाको पहलमा महोत्तरीको गौशाला नगरपालिकामा तरकारी खेतीमा देखिएको समस्या पहिचानका लागि विज्ञ सहितको प्राविधिक टोलि खटेको छ। गौशाला नगरपालिका ८ भन्टावारी र सो क्षेत्रमा कृषकहरुले लगाएको टमाटर लगायतको तरकारी खेतीमा देखिएको रोग तथा किराको समस्या पहिचान र निदानका लागि विज्ञ प्राविधिक टोलीबाट आइतवार फिल्ड निरिक्षण र कृषकसंग परामर्श खटेका हुन्। रोग र किराको समस्या देखिएपछि विज्ञसहितको प्राविधिक टोली फिल्ड निरिक्षण तथा परामर्श पश्चात "आकस्मिक बाली संरक्षण अभियान" संचालन गरिने निर्णय गरिएको छ। विज्ञ टोलीले टमाटरमा अगौटे डढुवा रोग र सुक्ष्म

बांकी पृष्ठ २

## ५ हजार भूमिहीनले सरकारबाट पाए जग्गाधनी पुर्जा

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २ पौष



भूमिहीनलाई जग्गाधनी प्रमाण पूर्जा दिँदै भूमि व्यवस्था मन्त्री रञ्जिता श्रेष्ठ

सरकारले करिब पाँच हजार भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जा उपलब्ध गराएको छ। सरकारले उनीहरूलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि पूर्जा वितरण गरेको भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सहसचिव एवं प्रवक्ता गणेशप्रसाद भट्टले जानकारी दिए। सरकारले भूमिहीन सुकुम्बासीका साथै अव्यवस्थित बसोबासीलाई आवश्यक कानुनी प्रबन्ध गरी भूमिसम्बन्धी समस्या समाधान गर्न गठन गरेको राष्ट्रिय भूमि आयोगमार्फत सङ्कलन गरेको निवेदन मध्येबाट छानबिन गरी उनीहरुलाई पूर्जा वितरण गरेको

बांकी पृष्ठ २

## रामकलेवा सहित रामजानकीको विवाह समपन्न

जलेश्वरटुडे समाचारदाता
धनुषा, २ पौष



सप्ताहव्यापी सीताराम विवाहपञ्चमी अन्तर्गत आईबार राति राम र सीताको विवाह सम्पन्न भएको छ। जानकी मन्दिरमा बनाइएको विवाह मण्डप (मरबा) मा मैथिली परम्परा अनुसार सीता र रामको विवाह भएको हो। साँझदेखि चलेको विवाहको विधि रातभरि चलेको थियो। विवाह अघि आईतबार दिउँसो राम र जानकीको डोला फेर गरी बाह्रविघा मैदानमा स्वयम्वर गरि नगर परिक्रमा गरेको थियो। दुवै डोला जानकी मन्दिर पुगेपछि विवाहको काज सुरु भएको थियो। विवाहपञ्चमीको अन्तिम दिन आज साधुशन्तलाई जानकी मन्दिर परिसरमा मिस्टान परिकार भोजन गराएर विदाई गरिनेछ। साधुशन्तलाई जानकी मन्दिर प्रांगणमामा दिउँसो ५६ व्यञ्जन मिस्टान परिकार भोजन गराई , गाली गीतले स्वागत गर्ने कार्यक्रम रहेको जान्दिरका सह महन्त रामरोशन दास बैष्णवले जानकारी दिए। यो परम्परालाई रामकलेवा भनिन्छ। जन्तीका रुपमा आएका साधुशन्तलाई चादर, कम्बल र दक्षिना

बांकी पृष्ठ २

## देशको आर्थिक र सामाजिक विकासमा आप्रवासी नेपालीको योगदान प्रशंसनीय : मन्त्री भण्डारी

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २ पौष



डिसेम्बर १८ अर्थात् अन्तर्राष्ट्रिय आप्रवासी दिवस विश्वभर विभिन्न कार्यक्रम गरी मनाइएको छ।
अन्तर्राष्ट्रिय आप्रवासी दिवस नेपालमा पनि सरकारी, गैरसरकारी, निजी क्षेत्र, ट्रेड युनियन, नागरिक सामाज र आप्रवासी श्रमिक तथा श्रमिकका परिवारले विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइएको छ। यस वर्ष 'आप्रवासीको योगदानको कदर र अधिकारको सम्मान' भन्ने मूल नारासहित यो दिवस मनाईदैछ। श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरद्सिंह भण्डारीले दिवसका अवसर मा शुभकामना व्यक्त गर्दै देशको आर्थिक र सामाजिक विकासमा आप्रवासी नेपालीको योगदानको प्रशंसा गरे। "हाल विश्वव्यापीकरणलगायत विषयले आप्रवासन समाजको अभिन्न अङ्ग बन्न पुगेको छ। यस दिवसका अवसरमा सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु", शुभकामना सन्देशमा उनले भनेका छन्, "अत्यन्त


बांकी पृष्ठ २

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।








मटिहानी नगरपालिकाको कार्यालय,महोत्तरी

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।







जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय,धनुषा




## सम्पादकीय ...

### विवाहपञ्चमीको व्यवस्थापनमा महोत्तरीको योगदान

अहिले भर्खरै सप्ताहव्यापी विवाहपञ्चमी समपन्न भएको छ। विवाहपञ्चमी अर्थात सीतारामको विवाह महाउत्सवलाई बताउँदछ । यो महोत्सवलाई सफलता साथ समपन्न गर्न गराउनमा एउटै व्यक्ति वा ठाउँ वा परिवेशको हात छैन । यसमा अनन्त सरोकारबालाहरुको सहयोग र सदभाव रहेकोमा कसैको दुई मत छैन होला । यस सन्दर्भमा अन्य जिल्ला झै महोत्तरी जिल्ला विवाहपञ्चमीको व्यवस्थापन तथा सौन्दर्यता बढाउँनमा वर्तमान र भूतकालमा समेत अनेकन भूमिका निर्वाह गरेका ऐतिहासिक प्रमाणहरु पर्याप्त छन् । माता सीताको मटकोर विधि परापूर्वकालदेखि महोत्तरी जिल्लाको मटिहानीमा समपन्न हुने गरेका छन् । त्यसैगरी भारतीय २ नाकाहरु मधवापुर र भिठामोड भएर भारतीय पर्यटकहरु सुगा,जलेश्वर ,पिपरा हुदै जनकपुधाम पुग्ने गर्दछन् । यी ठाउँहरु महोत्तरी जिल्लामै पर्दछन् । अर्थात यी क्षेत्रका जनसमुदायहरु माता जानकी र भगवान रामको मटकोर विधि होस वा जन्ती होस बडा हर्षको साथ आनन्द लिनुका साथै सहभागि समेत हुने गर्दछन् । यस वर्ष जलेश्वर नगरपालिकाका मेयर सुरेश साह सोनारले समेत विवाहपञ्चमीमा भारत लगायत अन्य ठाउँहरुबाट आउने अतिथिहरुलाई भोजन तथा सुत्ने व्यवस्था गरेका थिए। यति मात्र होइन भिठामोड नजिकका छेउछाउका ठाउँहरुको सफाई व्यवस्थापन गराउनुको साथै पर्यटकहरुलाई जलेश्वरनाथको दर्शन गराउनको लागि समेत अथक प्रयास गरेका थिए । जलेश्वर नगरपालिकाको यस कामबाट विवाहपञ्चमीमा आउने सयौं भक्तजनहरु लाभ लिएका थिए। एक ताका जनकपुरधाम पनि महोत्तरी जिल्ला भित्र नै पर्दथे जुन अहिले धनुषा जिल्लामा पर्दछ । महोत्तरी जिल्लाको क्षेत्रफल अहिले भन्दा पहिले ज्यादै नै फराकिलो थियो। जनकपुरधाममा अहिले पनि ठूला व्यक्तिदेखि ठूला प्रतिष्ठानसम्म महोत्तरीबासी कै छ। त्यसकारण महोत्तरीबासी विवाहपञ्चमीमा हरेक वर्ष दाजुभाई झै आफनो महत्वपूर्ण सहयोग तथा सहभागिता देखाउने गर्दछन्। महोत्तरी र धनुषा जिल्ला जतिसुकै भौगोलिक दृष्टिकोणले वर्गीकृत भए पनि एक अर्काको परिपूरक भएर अगाडी बढन आवश्यक रहेको देखिन्छ। भूतकालमा महोत्तरी समुद्र भए पनि अहिले वर्तमानमा विकासको गति र शासकको मतिले पिछडीएको छ। जलेश्वरनाथ मन्दिर,मटिहानी मठ र पहिलो संस्कृत विद्यालय,बाबा कारिकनाथ लगायत अनेकौ पर्यटकीय र धार्मिक ठाउँहरु छन् जसलाई एक अर्काले प्रचार प्रसार गर्न जरुरी छ। धनुषा जिल्लाको प्रचारप्रसार महोत्तरीले र महोत्तरी जिल्लाको प्रचारप्रसार धनुषा जिल्ला र यसै गरी सबैले सबैको प्रबर्द्धन गरयो भने हाम्रो विकास अवश्य हुने छ।

### तरकारी खेतिमा ......

तत्वको कमिका कारण फल फुट्ने र चर्किने समस्या र हेलिको भर्पा नामक किराले फल नष्ट गरेको समेत भेटेका छन्। त्यसतै भान्टामा फ्रुट र सुट बोरर किराका कारण बोट सुक्ने र फल नष्ट हुने समस्या देखिएको छ। यता सिमीमा क्याटरपिलरको लार्भा र रष्ट देखिएको थियो । स्थानिय कृषकहरुले टमाटर,आलु तथा तथा अन्य तरकारी खेती गरेकोमा बालीमा रोग देखिएपछि प्राविधिक टोलीलाई खवर गरेका थिए। टोलीले रोगको पहिचान गर्दै तत्काल उपचारका उपायहरु बताएको र थप "आकस्मिक बाली संरक्षण अभियान"को माध्यमले रोगबाट हुन सक्ने क्षति कम गर्न प्रयास गरिने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धनुषाका प्रमुख ललन सिंहले बताए। उनले सो क्षेत्रमा हुने तरकारी खेतको माटो परिक्षण गरि बाली संरक्षण प्रयोगशालाका विज्ञहरु संग समन्वय गरि रोग निदानको कार्य गरिने तथा प्लान्ट क्लिनिक र आकस्मिक बाली संरक्षण अभियान तथा बाली बस्तुको विशेष स्थलगत तालिम संचालन गरिने बताए । कृषि ज्ञान केन्द्र महोत्तरीका निमित कार्यालय प्रमुख बाली विकास अधिकृत मनिष पाल,उष्ण प्रादेशिय बागवानी नर्सरी केन्द्र जनकपुरका प्रमुख वरिष्ट बागवानी अधिकृत राजिव यादव,परि योजनाका कृषि अधिकृत राकेश यादव र सामाजिक विकास विज्ञ अन्जेश श्रेष्ठ तथा परवार्ड रौतहटका कृषि प्राविधिकहरु समेतले निरिक्षण गरेका हुन। गौशालाको भन्टावारीमा मात्र २५ देखि ३० हेक्टर र संगै जोडिएको बटौवा,लक्ष्मिनिया,कान्तिबजार समेत गरि सयौ हेक्टर क्षेत्रमा तरकारी खेती भैरहेकोमा तत्काल रोग निदान नगरिए किसानले ठूलो क्षति व्यहोर्नु पर्ने विज्ञहरुको भनाई छ। प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना धनुषाले तरकारी बालीमा देखिएको समस्यालाई गम्भीर रुपमा लिइ समस्या समाधानको प्रयास गरिरहेको प्रमुख सिंहको भनाई छ। उक्त क्षेत्रमा आलु र ओल बाहेकका मौसमी ताजा तरकारी(टमाटर ,भान्टा,सिमी,बोडी,काउली,परवल ) लगायतको खेती गरिन्छ।

### रामकलेवा ......

स्वरुप केहि रुपियाँ पैसा दिएर भव्य स्वागत गरि विदाई गर्ने प्रचलन छ यस दिनमा राम सीता ,लक्ष्मण र भरत सत्रुधनको रुपमा बालबालिकालाई सजाएर मिठो भोजन गराउनुको साथै उनीहरुको पनि विदाई गर्ने प्रचलन छ। रामकलेवामा हुने सांस्कृतिक कार्यक्रम हेर्न जानकी मन्दिर परिसरमा भीड लाग्ने गर्दछ। त्रेता युगमा मर्यादा पुरुषोत्तम भग्वान राम र आदर्श नारी सीता बीच विवाह भएको स्मरणमा प्रत्येक वर्ष जनकपुरा सातदिनसम्म रामजानकी विवाहपञ्चमी मोत्सव भव्यताको साथ मनाइन्छ। २६ गतेदेखि सुरु भएको सप्ताहव्यापी सीताराम विवाहपञ्चमी महोत्सवको पहिलो दिन नगरदर्शन, दोश्रोदिन फुलवारी लिला, तेश्रो दिन धनुषा यज्ञ, चौथो दिन तिल्कोत्सव, पाँचौदिन मटकोर, छैटो दिन विवाहपञ्चमी र सातौं अतर्थात अन्तिम दिन रामकलेवा गरी सम्पन्न हुने गर्दछ। सीता र रामको स्वयम्वर र विवाहसम्पन्न भएपछि जनकपुर आएका लाखौं दर्शनार्थी घर फर्कन थालेका छन्।

### देशको आर्थिक ......

कठिन परिस्थितिमा पनि आप्रवासनमा रहेर नेपालको आर्थिक र सामाजिक विकासमा पुऱ्याएको योगदानको उच्च प्रशंसा गर्दै धन्यवाद दिन चाहन्छु।" मन्त्री भण्डारीले वैदेशिक रोजगारीका क्रममा निधन भएका आप्रवासी श्रमिकप्रति श्रद्धाञ्जलीसमेत व्यक्त गरेका छन्। सन् १९९० देखि संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय महासन्धि पारित गरेको अवसरमा हरेक वर्ष डिसेम्बर १८ तारिखका दिन अन्तर्राष्ट्रिय आप्रवासी दिवस मनाउँदै आइएको हो। मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले दिवसको शुभकामना दिँदै सुरक्षित तथा मर्यादित श्रमको सुनिश्चितताका लागि सरोकार वाला सबैको समन्वय आवश्यक रहेको बताए । सबैको एकीकृत प्रयासबाट सकारात्मक नतिजा आउने उनको भनाइ थियो । वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा द्वारिका उप्रेतीले पछिल्ला वर्षमा द्वन्द्व, असुरक्षा र जलवायु परिवर्तनको प्रभावलगायत कारणले विश्वभरि आप्रवासन बढ्दै गएको बताए। उनले वैदेशिक रोजगारमा जाँदा सरकारले निर्धारण गरेको प्रक्रियाको पूर्णपालना गर्न आग्रह गरे। दिवसका अवसरमा आप्रवासी श्रमिकले आफ्नो अधिकार सुनिश्चितताका साथै आवश्यक सम्पूर्ण सेवासुविधा प्राप्त गर्ने शुभेच्छा प्रकट गरेका छन्।



यसैगरी महोत्तरीको जलेश्वरमा समेत जलेश्वर नगरपालिकाको नगरप्रमुख सुरेश साह सोनार,प्रदेश साँसद चन्दन सिंह,जिससको अध्यक्ष सुमन कुमार लाल कर्ण लगायतको उपस्थितिमा कार्यक्रमको आयोजना गरियो।

### ५ हजार ......

हो। आयोगले सबै स्थानीय तहलाई निवेदन पठाउन पत्राचारका साथै सूचना प्रकाशन गरेको थियो । जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि बनाइएको थियो । देशभरका भूमिहीन तथा अव्यवस्थित बसोबासीको लगत स्थानीय तहले प्रमाणीकरण गरेपछि आयोगले उनीहरूको निवेदन सङ्कलन गरेको थियो । आयोगले करिब तीन वर्षको अवधिमा नौ लाख ८१ हजार भूमिहीन सुकुम्बासीका साथै अव्यवस्थित बसोबासीका निवेदन सङ्कलन गरेको छ। नेपालको कूल

बांकी पृष्ठ ३


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।





एकडारा गाउँपालिकाको कार्यालय,महोत्तरी


## तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने

वृष: मनमा पछुतो आउने

मिथून: खानपानमा समस्या आउने

कर्कट: पिछडेको साथी मिल्ने

सिंह: आम्दानी हुने

कन्या: लामो यात्राको योग छ

तुला: अशुभ समाचार प्राप्त हुने

वृश्चिक: अनावश्यक खर्चको संभावना

धनु: अनावश्यक चिन्ता

मकर: पढाईमा ध्यान दिनुपर्ने

कूम्भ: विचार गरेर बोल्नुहोला

मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# भारतमा कोभिडको नयाँ भेरिएन्ट फेला,अहिलेसम्म चार जनाको मृत्यु

**एजेन्सी**
**नयाँदिल्ली, २ पौष**

केरलामा हाल कोभिड-१९ का १,३२४ सक्रिय केसहरू छन्। सङ्क्रमणका कारण शनिबार चार जनाको मृत्यु भएको छ।

राज्यमा परीक्षण दर उच्च भएकाले सङ्क्रमण बढ्दै गएको अधिकारीहरूले बताएका छन् । यद्यपि, जेएन.१ भेरिएन्टका कति केसहरू छन् भन्ने कुरा थाहा छैन किनभने त्यहाँ धेरै थोरै नमुनाहरू छन् जसको जिनोम अनुक्रमण गरिएको छ । नयाँ भेरिएन्टहरू थाहा पाउने यो एक मात्र तरिका हो।



राज्यका स्वास्थ्यमन्त्री वीणा जर्जले आम जनताले चिन्ता लिनुपर्ने अवस्था नरहेको र स्थिति नियन्त्रणमा रहेको बताइन्। अधिकारीहरूले यो महिनाको सुरुमा केरलामा जेएन.१ सब-भ्यारिएन्टको सङ्क्रमण देखा परेको बताए। हल्का इन्फ्लुएन्जा भएकी ७९ वर्षीया महिलामा सुरुमा यो सङ्क्रमण भेटिएको थियो।

# क्यूआर मार्फत भर्चुअल भिजा कार्डबाट पेमेन्ट गर्न सकिने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, २ पौष**

ग्लोबल आइएमई बैंकको अगुवाइमा नेपाल इलेक्ट्रोनिक पेमेन्ट सोलुशनको स्विचिङ सुविधा र स्विफ्ट टेक्नोलोजीको प्राविधिक सहयोगमा "भिजा स्क्यान टू पे" भुक्तानी प्रणालीको शुभारम्भ गरिएको छ ।




काठमाडौँमा आयोजित एक विशेष समारोहमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट, ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य, नेपाल इलेक्ट्रोनिक पेमेन्ट सोलुशनका प्रमुख कार्यकारी अधिकृत सञ्जीव सुब्बा र स्विफ्ट टेक्नोलोजीका प्रमुख कार्यकारी अधिकृत निरज ढुङ्गानाले क्यूआर स्क्यान गरी प्रथम कारोबार सहित उक्त सेवाको संयुक्तरुपमा शुभारम्भ गरेका हुन् । उक्त प्रविधिमार्फत ग्लोबल आइएमई बैंकका भिजा कार्ड बाहक ग्राहकहरूले अब फिजिकल कार्डको प्रयोग बिना नै ग्लोबल आइएमई बैंकको मोबाइल एप ग्लोबल स्मार्ट प्लसमार्फत क्यूआर क्यान गरी कुनै पनि पेमेन्ट गर्न सक्नेछन् । भिजा स्क्यान टू पे एउटा कार्ड-देखि-व्यापारी भुक्तानी सेवा हो । यसबाट कार्ड स्वाइप नगरी आफ्नो स्मार्टफोन प्रयोग गरेर भुक्तानी गर्न सकिन्छ । कार्यक्रममा प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक भट्टले बैंकले जारी गरेको यो प्रविधि डिजिटल प्रविधिको विकासमा कोशेढुङ्गा साबित हुने बताए । उनले नेपाल सरकार र नेपाल राष्ट्र बैंकले लिएको डिजिटल नेपाल निर्माणको लक्ष्यअनुसार नयाँनयाँ प्रविधिको विकास गरेकोमा बैंक लगायत संलग्न सबैलाई धन्यवाद ज्ञापन गरे ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।







**बलवा नगरपालिकाको कार्यालय, धनुषा**



## कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

**सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी**


# टेलर स्वीफ्टको फिल्मलाई चीनमा प्रदर्शन अनुमति

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, २ पौष**

चीनले पपस्टार टेलर स्वीफ्टको कन्सर्टबारेको फिल्मलाई मुलुकमा प्रदर्शनको अनुमति दिएको छ । विश्वकै सबैभन्दा ठूलोमध्येको फिल्म बजारमा 'टेलर स्वीफ्ट : द इरास टुर ' डिसेम्बर ३१ अर्थात नयाँवर्षको पूर्वसन्ध्यामा रिलिज हुनेछ । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार चीनको मुख्यभूमिमा रिलिज गर्ने निर्माताको लामो समयदेखिको प्रयासले मूर्तरुप लिएको हो । यो फिल्मले चीनबाहेक विश्व बजारमा २५० मिलियन डलर कमाइसकेको छ । स्वीफ्टलाई चीनमा समकालीन अमेरिकी संगीतकर्मीमध्ये सबैभन्दा



लोकप्रिय मानिन्छ। इरास टुर फिल्मले चीनमा कति कमाउन सक्छ भन्ने कुरा चाहिं बेइजिङ उद्योगभित्रका विश्लेषकको बहसको विषय हो । स्वीफ्टको जन्मदिनमा डिसेम्बर १३ मा यो फिल्म अमेरिका लगायतको मुलुकका स्ट्रिमिङ प्लाटफर्ममा रिलिज भइसकेको छ। तर पाइरेसीको कारण चीनको टिकट बिक्री केही प्रभावित हुनसक्ने अनुमान छ । पश्चिमा मुलुकका सेलिब्रिटीलाई चीनमा स्थानीय निकनेमबाट चिन्ने गरिन्छ। टेलर स्वीफ्टलाई पनि चीनमा उनको 'मेइमेइ' उपनामबाट चिनियाँ दर्शकले चिन्छन्। चीनमा भने यो फिल्म परम्परागत माध्यमबाटै रिलिज हुनेछ।

# आईपीएल क्लबका मालिकहरुलाई नेपालको भ्रमण गर्न मोन्टी देसाईको सुझाव

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, २ पौष**

विश्वकै सर्वाधिक लोकप्रिय फ्रेन्चाइज क्रिकेट प्रतियोगितामध्येको एक हो, इन्डियन प्रिमियर लिग (आईपीएल) । आईपीएलको पहिलो संस्करण सन् २००८ मा आयोजना भएको थियो ।



१५ वर्षको अवधिमा आईपीएलले भारतीय क्रिकेटमा नयाँ प्रतिभाहरु उत्पादन गर्न निकै ठूलो भूमिका निर्वाह गर्दै आएको छ। अर्कोतिर , नेपाल अन्तर्राष्ट्रिय क्रिकेटमा भर्खर बामे सर्दै गरेको राष्ट्र हो । पछिल्लो समय अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालले एकपछि अर्को उत्कृष्ट नतिजा निकाल्दै आएको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) र एसियाली क्रिकेट काउन्सिल ( एसीसी) ले आयोजना गर्ने विभिन्न प्रतियोगितामा नेपाली टोलीले गहिरो छाप पनि छाडिसकेको छ। छोटो समयमै अन्तर्राष्ट्रिय क्रिकेटमा एकपछि अर्को उत्कृष्ट नतिजा दिन सफल नेपाली टोलीले विभिन्न प्रतियोगितामा टेस्ट राष्ट्रहरुविरुद्ध पनि गतिलो प्रदर्शन गरिसकेको छ । नेपाली टोलीले आईसीसी टी-२० विश्वकप पनि खेलिसकेको छ। सन् २०२४ मा आयोजना हुने आईसीसी टी-२० विश्वकपमा पनि नेपाली टोली छनोट भएको छ। अहिले नेपाली टोलीको प्रमुख प्रशिक्षकको जिम्मेबारी पनि भारतकै मोन्टी देसाईले निर्वाह गर्दै आएका छन्। मोन्टीको पहलमा केही प्रतिभाशाली नेपाली खेलाडीले आईपीएलको आगामी संस्करण खेल्न पाउने अनुमान धेरैले गरेका थिए । केही प्रभावशाली नेपाली खेलाडीले सन् २०२४ मा आयोजना हुने आईपीएलका लागि नाम पनि दर्ता गराएका थिए । यसपटक नेपाली क्रिकेटका लागि आईपीएल निकै महत्वपूर्ण पनि थियो । टी-२० विश्वकपभन्दा अगाडि आयोजना हुने भएकाले यसपटक आईपीएललाई विश्वकपको तयारी गर्ने गतिलो अवसरका रुपमा लिइएको थियो। प्रमुख प्रशिक्षकको नाताले मोन्टी देसाई पनि यही चाहन्थे । तर, दूर्भाग्य यसपटक नेपालका कुनै पनि खेलाडी आईपीएल क्लबहरुको रोजाइमा परेनन् ।






५ हजार .....

क्षेत्रफलको लगभग २८ प्रतिशतमा आवादी छ। यस आवादी क्षेत्रको करिब ७५ प्रतिशत जमिन नापजाँच भई राज्यको आधिकारिक दर्ता रजिस्ट्रमा अभिलेख भएको छ ।

त्यसको दर्ता स्रेस्ता र प्रमाणपुर्जा तयार भएको छ। सहसचिव भट्टका अनुसार आवादी क्षेत्रको बाँकी लगभग २५ प्रतिशत जग्गामा लामो समयदेखि नागरिकको बसोबास, आवाद भए पनि सो क्षेत्रको नापनक्सा वा दर्ता स्रेस्ता कायम हुन नसकेको र बसोबासीले जग्गा धनी प्रमाणपुर्जा प्राप्त गर्न सकेका छैनन् ।

संविधानको मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३७ (१) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने र (२) कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट नहटाइने उल्लेख छ ।

लामो समयदेखि आवाद गरेको, बसोबास गरिआएको जग्गामा उनीहरूले आफ्नो स्वामित्वको सुरक्षा अनुभूत गर्न सकेका छैनन् । हजारौँ परिवार भूमिहीन एवं सुकुम्बासी आफू बसोबास गरिरहेको जमिनको स्वामित्वबाट वञ्चित छन् ।

त्यस्तो जग्गा आधिकारिक जग्गा प्रशासन प्रणालीमा दर्ता नभएकाले औपचारिक किनबेच नहुने हुँदा दर्तामार्फत सरकारले राजस्व, रजिस्ट्रेसन दस्तुर, लाभकर, मालपोत तथा सम्पत्ति करजस्ता रकम प्राप्त गर्न सकेको छैन। सहसचिव भट्टका अनुसार सरकारी वा सामुदायिक जग्गामा बसोबास गर्ने धेरैजसो भूमिविहीन तथा विपन्न परिवारको व्यवस्थापन कसरी गर्ने भन्नेबारे मौजुदा कानुनमा प्रस्ट नरहेकाले आवश्यक व्यवस्थासहितको ऐन नियमको खाँचो छ ।

सार्वजनिक वन क्षेत्रमा लामो समयदेखि बसोबास गरेका भूमिहीनलाई सोही जग्गामा व्यवस्थापन गर्न वन ऐन संशोधन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

# हाम्रा श्रमिकको श्रम शोषण गर्ने राष्ट्र झन्झन् शक्तिशाली हुदै गए




–कृष्णसिंह धामी

विश्वभर २८ करोड मानिसहरू आप्रवासी छन्। अर्थात् उनीहरू आफ्नो देश छाडेर अरूको देशमा काम गर्दै आएका छन्। नेपालबाट ठ्याक्कै यतिको सङ्ख्यामा वैदेशिक रोजगारीमा छन् भन्ने यकिन तथ्याङ्क छैन। तर, ४० लाखको हाराहारीमा नेपाल बाहिर रहेको विश्वास गरिन्छ। वैदेशिक रोजगार विभागको तथ्याङ्क हेर्ने हो भने गत वर्ष मात्रै ७ लाख ७१ हजार युवा वैदेशिक रोजगारीमा गएका छन्। पछिल्लो ५ वर्षको तथ्याङ्क हेर्ने हो भने पनि २४ लाख युवा विदेशिएका छन्।

विश्वभर आप्रवासीको सङ्ख्या प्रत्येक वर्ष बढ्दो क्रममा छ। नेपालमा समेत वर्षेनी यो सङ्ख्या बढिरहेको छ। वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ। त्यसबाट निम्त्याइएका समस्या पनि उत्तिकै बढिरहेका छन्। एकातिर ठगीका घटना बढिरहेका छन्, अर्कोतिर सम्बन्धित देशमा समस्यामा परेका घटना पनि उत्तिकै छन्।

यता स्वदेशमा देखिएका सामाजिक, आर्थिक तथा पारिवारिक विचलनका घटनाको पनि कुनै हिसाबकिताब नै छैन। नेपालबाट दैनिक २ हजारको हाराहारीमा विदेश जान्छन्। त्यस्तै दैनिक तीन जनाको शव नेपाल आउँछ। त्यस्तै सङ्ख्यामा अंगभंग तथा बिरामी भएर स्वदेश फर्किने गरेका छन्।

एकातिर वैदेशिक रोजगारीले निम्त्याएका समस्या दिनप्रति बढिरहेका छन् भने अर्कोतिर विदेश नगई घरमा चुलो बल्न नसक्ने अवस्थामा पनि धेरै छन्। विश्वभर आप्रवासनलाई व्यवस्थित गर्ने, मर्यादित बनाउन कुरा वर्षौंदेखि चर्चामा छ। तर, त्यो हुन सकिरहेको छैन। नेपालको हकमा भन्नुपर्दा नेपालसँग अहिलेसम्म आप्रवासन नीति त छैन। आप्रवासन भनेको के हो भन्ने नेपालको आफ्नो परिभाषा छैन। जसले गर्दा नीति पनि बन्न सकिरहेको छैन।

सोमबार अर्थात् विश्वभर अन्तर्राष्ट्रिय आप्रवासन दिवस मनाईंदैछ। दिवसको अवसरमा नेपालसहित विश्वभर नै विभिन्न कार्यक्रम आयोजना गरिंदैछ। नेपालमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसहित सरोकारवाला निकायहरूले यो दिवस साताव्यापी रूपमा नै मनाउँदैछन्। यसै सन्दर्भमा रातोपाटीकर्मी कृष्णसिंह धामीले श्रम विज्ञ डा. मिना पौडेलसँग कुराकानी गरेका छन्।

नेपालमा आप्रवासनको अवस्था के कस्तो छ? यसलाई दक्षिण एसियाका अन्य मुलुकसँग कसरी तुलना गर्न सकिन्छ?

नेपालमा आप्रवासनको अवस्था समस्याग्रस्त छ, जुन बंगलादेश, पाकिस्तान, भारतको जनसङ्ख्या हेर्दा पनि उस्तै हो। किनभने अधिकांश युवा १८ देखि ४० वर्षसम्मका युवाहरू बाहिर जाने तरखरमा नै छन्। सङ्ख्यामा भन्दा प्रवृत्तिमा जाँदा दक्षिण एसिया आप्रवासी श्रमिक उत्पादनको कारखाना हो। दक्षिण एसियाको राजनीतिक पद्धतिहरूलाई व्यवस्थित गर्न सकिएको छैनन्। हाम्रो अर्थनीति पनि उद्योगमा आधारित छैनन्। पुँजीवादी व्यवस्था भएर, लोकतान्त्रिक व्यवस्था भएर पनि हाम्रा अर्थनीतिहरू सामन्ती प्रवृत्तिका छन्।

त्यो पुँजीवादी व्यवस्थामा पनि रूपान्तरण हुन नसकेको, कृषिजन्य र मुखियाद्वारा गरिने कृषि प्रणालीबाट निस्किएर बिचमा अड्किएको दलाल पुँजीवादी व्यवस्था भन्छु म। दलालहरूले नियन्त्रण गरेको बजार, ठगहरूले नियन्त्रण गरेको बजार त्यसपछि दूर दृष्टि नभएको हाम्रो राजनीतिक नेतृत्व। नेपालमा मात्र नभई पुरै दक्षिण एसियामा यस्तै छ। हामीले राजनीतिक परिवर्तन गर्‍यौं। खुला अर्थनीति अपनायौं। तर, त्यसलाई व्यवस्थापन गर्न, त्यसलाई माटो अनुसार परिस्थितिमा ढाल्न सकेनौं। त्यसले गर्दा के भयो भने लथालिङ्ग, छताछुल्ल, अव्यवस्थित भद्रगोल भयो। जुन युवा हो, श्रम शक्तिको हो राष्ट्र निर्माणमा लगाउनुपर्थ्यो, त्यो लगाउने रणनीति नभएपछि राजनीतिक पद्धतिले बाहिर पनि अवसर छ है भनेर निर्देश गरेको छ। म यही गर्छु बाहिर जान्न भनेर अघि बढ्यो भन्ने जमात साघुँरिदै गएको छ। यस्तो अवस्था भयो भने तपाईं के गर्नुहुन्छ? त्यो अवस्थामा झोला बोकेर हिँड्ने हो।

हामी भनेको सस्ता, शोषण गर्न सजिलो अदक्ष आप्रवासी उत्पादन गर्ने कारखाना हौँ।

दक्षिण एसियाको कुरा गर्दा त्यस्तो छ। त्यही माथितिर चाइनाको कुरा गर्ने हो भने मानव विकास स्थिति निकै राम्रो छ। पढ्न जानुभयो भने फर्केर आएपछि कुन उद्योग कलकारखानामा काम गर्ने भनेर तयारी छ। मानव स्रोतलाई आगामी ५० वर्षमा कसलाई कहाँ प्रयोग गर्ने भन्ने उनीहरूको रणनीति छ। हाम्रो त त्यस्तो छैन। त्यसैले दक्षिण एसिया कमजोर छ। दक्षिण एसिया जटिल भूभाग हो। त्यसमा नकारात्मक प्रकृतिले जकडिएको समाज हो।

त्यसैले हामी भनेको सस्ता, शोषण गर्न सजिलो अदक्ष आप्रवासी उत्पादन गर्ने कारखाना हौँ। यसो भनिरहँदा पश्चिम एसियाबाट पनि आप्रवासनमा जान्छन्। लाओस्, कम्बोडिय, इन्डोनेसिया, थाइल्यान्ड, बर्मा आदीबाट पनि जान्छन्। आफूभन्दा अलि सम्पन्न देशमा जान्छन्। तर, हाम्रो जस्तो लथालिङ्ग अवस्था छैन। इण्डोनेसिया, थाइल्यान्ड, बर्मा आदीबाट पनि जान्छन्। आफूभन्दा अलि सम्पन्न देशमा जान्छन्। तर, हाम्रो जस्तो लथालिङ्ग अवस्था छैन।

नेपालीहरू वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता कहिलेसम्म रहन्छ?


अहिलेको नेपालको राजनीतिक अवस्था जहिलेसम्म रहन्छ, त्यही बेला सम्म वैदेशिक रोजगारीमा जाने अवस्था रहन्छ। अब यो बन्द हुने त सम्भावना नै छैन। किनभने संसार तीन कुराले चलाएको छ। एउटा प्रविधि र सूचनाले, अर्को भनेको बजार र त्यसपछि भनेको शिक्षा हो। यी तीन कुराले संसार चलिरहेको छ। यी तीन कुराले जहाँ जति राम्रो छ, त्यहाँ आप्रवासन राम्रो चलिरहेको छ। यी तीन कुरा जहाँ व्यवस्थित हुन सकेको छैन, त्यहाँको आप्रवासन हाम्रो जस्तै भद्रगोल छ। अहिलेको प्रविधि र सञ्चारको विकासलाई रोक्न सकियो भने आप्रवासन कम होला। नत्र रोकिने वाला छैन। जुन सम्भव नै छैन। अहिलेको पुँजीवादी बजार जसरी विस्तार भइरहेको छ त्यसलाई रोक्न सकियो भने बाहिर सम्भावना कम भएर भित्र बस्लान्। तर, त्यो पनि सम्भावना छैन। बजार झन् झन् विस्तार हुँदैछ, झन् झन् जटिल हुँदैछ। मनपरीतन्त्र बढ्दैछ। अर्को भनेको शिक्षाका अवसरहरूलाई रोक्न सकिँदैन। त्यसैले यी तीन कुराले संसार हाँकिरहेको भएर आप्रवासन रोकिँदैन। हिजो पनि रोकिएको थिएन, आज पनि रोकिँदैन, भोलि पनि रोकिनेवाला छैन। तर, यसलाई गर्ने भनेको व्यवस्थापन हो। जति व्यवस्थापन गर्न सकियो त्यति धेरै आर्थिक, सामाजिक, तथा सांस्कृतिक फाइदा लिन सकिन्छ। आप्रवासीलाई न्याय दिन सकिन्छ। आप्रवासीलाई सहज तरिकाले सहजीकरण गर्न सकिन्छ। व्यवस्थित गर्न सकिएन भने शोषण, अन्याय, अत्याचार बढ्दै जानेछ। भद्रगोल बढ्दै जान्छ। यो रोक्ने र नरोक्ने कुरा नै हुँदैन, यसलाई व्यवस्थापन गर्ने कुरा मात्र हो। पुरै भद्रगोल रहेको वैदेशिक रोजगारी तथा आप्रवासनलाई कसरी व्यवस्थापन गर्न सकिन्छ? व्यवस्थापन गर्न जोडिने भनेको राजनीतिक दृष्टिकोण हो। आफ्नो देशका नागरिकको स्वतन्त्रता, बाहिर गएर काम गर्न पाउने आफ्ना नागरिकको अधिकारलाई राज्यले कसरी लिन्छ? कसरी सहजीकरण गर्छ? कसरी व्यवस्थित गराउँछ? कसरी सम्मानित गराउँछ भन्ने कुरा हो। त्यो गर्ने भनेको स्वाभाविकै रूपमा राजनीतिक दृष्टिकोणले निदृष्ट गरेको नीति हुनुपर्‍यो। आप्रवासनसम्बन्धी नीतिहरू हुनुपर्छ। आप्रवासन रोक्नु भनेको आन्तरिक राजनीतिक अस्थिरता निम्त्याउनु हो। सामाजिक अपराधहरू निम्त्याउनु हो। त्यसका कारण यसलाई रोक्न त सम्भव नै छैन। यसलाई व्यवस्थापन गर्नु मात्रै हो। व्यवस्थापन गर्नलाई समय सुहाउँदो आप्रवासीलाई सुरक्षित, व्यवस्थित र सम्मानित गराउने नीति ल्याउनु हो। जुन कुरा हाम्रो लागि सबैभन्दा खट्केको विषय हो।

सामाजिक आर्थिक कुरा गर्नुभयो। आप्रवासनले आर्थिक अवस्थामा सुधार भएको होला। तर, यसले हाम्रो सामाजिक तथा पारिवारिक संरचनामा प्रभाव पारिरहेको छ। यसलाई कसरी व्यवस्थित गर्ने?


समाज परिवर्तनशील छ। समाजमा हिजो जुन असन्तुलित शक्ति संरचना थियो, त्यही कायम हुनुपर्छ भनेर बस्नु हुदैन। स्वाभाविक रूपमा आप्रवासन नभएपछि समाज परिवर्तन हुन्थ्यो। तर, परिवर्तनको कुन दिशामा गइरहेको छ त्यो महत्त्वपूर्ण कुरा होला। अहिलेको स्थितिको कुरा गर्दा हो, आप्रवासनले गर्दा थुप्रै राम्रा कुराहरू सामाजिक, आर्थिक तथा सांस्कृतिक पुँजीहरू भित्र्याएका छौँ। तर, कतिपय सवालहरूमा परिवार विखण्डनका कुराहरू, परिवार गुमाउने दुखद कुराहरू भएका छन्। पैसा आइरहेको छ। रेमिट्यान्स आइरहेको छ भन्ने हाम्रो सोच छ। तर, त्यो पैसा पठाउने, ल्याउने मान्छेहरूको जिन्दगी कसरी गइरहेको छ? हामीले आप्रवासनलाई समयानुकूल व्यवस्थापन गर्न नसकेर यो घटनाहरू भइरहेका छन्। अहिले आप्रवासनलाई राजनीतिक नेतृत्वले व्यवस्थापन गरेका छैनन्, वैदेशिक रोजगार दलालहरूले व्यवस्थापन गरेका छन्। दलालहरूले व्यवस्थापन गर्दा के हुँदो रहेछ भने उनीहरूले जति सकिन्छ निचोर्छन्। त्यस्तो हुँदा ठगी हुने, तस्करी हुने, बेचबिखन हुने गर्छ। आप्रवासनप्रति नकारात्मक चेतना, नकारात्मक दृष्टिकोण बढिरहेको छ। आप्रवासनलाई सुरक्षित र मर्यादित बनाउन नसक्दा विभिन्न दुर्घटना हुने, त्यसको क्षतिपूर्ति नहुने, हामी फेरी आप्रवासन पठाउने देश भएकाले हामी विश्व श्रम बजारमा कमजोर अवस्थामा छौँ। विश्व बजारलाई चाहिने एउटा कुरा छ तर, हामीलाई पठाउनुपर्ने सबैभन्दा ठुलो छ। हामीलाई नपठाई भाको छैन। हामीलाई जति सकिन्छ धेरै पठाउनुपर्ने छ। पैसा आइरहेको छ। रेमिट्यान्स आइरहेको छ भन्ने हाम्रो सोच छ। तर, त्यो पैसा पठाउने, ल्याउने मान्छेहरूको जिन्दगी कसरी गइरहेको छ? तिनका परिवारको मनोविज्ञान कुरा के छ? तिनलाई राज्यले गर्नुपर्ने सुरक्षा, सम्मान, व्यवस्थापन भएको छ कि छैन? भन्ने कुराहरू आउँछन्। हरेक कुराका सकारात्मक नकारात्मक कुरा त हुन्छन्। तर, श्रम कूटनीति गरेर आफ्ना युवाहरूलाई कहाँ काम गर्दैछन्, त्यो गन्तव्य बजारको कतिको सुरक्षित बनाउनुभएको छ भन्ने कुरामा भर पर्छ। तिनले कमाएको पैसा, तिनले आर्जन गरेको ज्ञान, तिनले ल्याएको अनुभवलाई कसरी समाज परिवर्तन, उसको परिवारको रूपान्तरण, उसको गाउँघरको रूपान्तरण, राज्यकै रूपान्तरणमा कसरी लगाउनुभएको भन्ने कुरामा भर पर्छ। साभार : रातोपाटी


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।





रामगोपालपुर नगरपालिकाको कार्यालय,महोत्तरी



## प्लाष्टिकको प्रयोग नगरौं,वातावरण स्वस्थ राखौं

- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन।
- यसले जमिन तथा जल प्रदुषण गर्दछ।
- प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ।
- प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदुषित हुन्छ।
- खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ।

त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday